आज मिति २०७४।०३।२५ गतेका दिन यस हरिनास गाउँ पालिकाका अध्यक्ष श्री शिवनारायण मानन्धर ज्यूको अध्यक्षतामा कार्यपालिकाको बैठक बसी निम्न प्रस्तावउपर छलफल गरी निर्णय गरियो।

उपस्थिती :

१. शिवम नारायण मानन्धर, अध्यक्ष हरिनास गा.पा.
२. कनमाया पराजुली, उपाध्यक्ष हरिनास गा.पा.
३. भिम बहादुर गुरुङ, सदस्य
४. पशुराम घिमिरेल, सदस्य
५. लेख बहादुर क्षेत्री, सदस्य
६. चिन्तामणी शर्मा, सदस्य
७. डण्ड बहादुर राना, सदस्य
८. नर बहादुर थापा, सदस्य
९. केसमाया थापा, सदस्य
१०. उर्मिला नेपाली दर्जी, सदस्य
११. हिम माया थापा, सदस्य
१२. धनमाया राना, सदस्य
१३. पुरुष बहादुर नेपाली, सदस्य
१४. महेन्द्र गौतम, सदस्य
१५. रेखा वि.क., सदस्य
१६. नवित अधिकारी, सदस्य सचिव
१७ सन्त बहादुर राना
१८ परश प्रसाद चौधरी

प्रस्ताव नं. १:- भुकम्प सुरक्षा दिवस सम्बन्धमा।

निर्णय नं. १:-
प्रस्ताव नं. १ उपर छलफल गर्दा माघ २ गतेको राष्ट्रिय भुकम्प सुरक्षा दिवस प्रत्येक वडाहरूमा मनाउने र वडाहरूले प्रत्येक विधालयमा पत्राचार गरी भुकम्प सुरक्षा दिवस मनाउन आग्रह गर्ने निर्णय गरियो।

प्रस्ताव नं. २: शिक्षक दर्बन्दी सम्बन्धमा।

निर्णय नं. २: शिक्षक दर्बन्दी प्रक्रियामा आवश्यक सबै प्रक्रिया गा.पा. अन्तर्गत नै हुने निर्णय गरियो।

प्रस्ताव नं. ३: गाउँ सभा (छैटौं) अधिवेशन सम्बन्धमा।
निर्णय नं. ३: हरिनास गा.पा. को छैटौं अधिवेशन यही पौष २८ गते गा.पा. कार्यालयमा गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ४: गाउँ पालिकाका कर्मचारी सञ्चालन सम्बन्धमा।
निर्णय नं. ४: यस हरिनास गाउँपालिका

प्रस्ताव नं. ५: सवारी साधन सम्बन्धमा।
निर्णय नं. ५: प्रस्ताव नं. ५ उपर छलफल गर्दा हरिनास गा.पा. अन्तर्गत वडा नं. ५ र वडा नं. ४ का वडा सचिवहरुले सञ्चालन गरिरहनु भएका मोटरसाइकलहरु यथाशीघ्र गा.पा.को कार्यालयमा फिर्ता दाखिला गर्नुपर्ने निर्णय गरियो।

प्रस्ताव नं. ६: गाउँ पालिकाका कर्मचारी सञ्चालन सम्बन्धमा।
निर्णय नं. ६: यस हरिनास गा.पा. अन्तर्गत विभिन्न वडाहरुमा कार्यरत वडा सचिवहरुलाई निम्न अनुसार काजमा खटाउने निर्णय गरियो।
वडा नं. २ का वडा सचिव कृष्ण प्रसाद गौतमलाई वडा नं. ४मा, वडा नं. ५ का वडा सचिव हुम ब. थापालाई वडा नं. 6 मा र वडा नं. ४ का वडा सचिव शिव प्रसाद पौडेललाई वडा नं. ५ र ६ हेर्ने गरी काज खटाउने निर्णय गरियो।

प्रस्ताव नं. ७: गा.पा. भित्रका पानीको मूल सम्बन्धमा।
निर्णय नं. ७: हरिनास गा.पा. भित्रका पानीका मूलको लागि सुरु पूर्व खा.पा. योजना सञ्चालन गर्नु परेमा पनि गा.पा. कार्यालयमा दर्ता गरी सञ्चालन गर्नुपर्नेछ। अन्यथा उक्त मूलसम्बन्धी योजना रद्द गर्ने निर्णय गरियो।

प्रस्ताव नं. ८: विद्युतीय हाजिरी सम्बन्धमा।
निर्णय नं. ८: प्रस्ताव नं. ८ उपर छलफल गर्दा हरिनास गा.पा. अन्तर्गतका वडा कार्यालय, र मा.वि. स्तरीय विद्यालय हरुमा विद्युतीय हाजिरी गर्ने मिलाउने निर्णय

गरियों |



